बेलौरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर

प.सं.:- २०८३।०८४
च.नं.:-

सुदूरपश्चिम प्रदेश, नेपाल

शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

पहिलो पटक प्रकाशित मितिः २०८३/०७/१७

यस कार्यालय अन्तर्गतको पशु सेवा शाखा तथा उपशाखा कार्यालयहरूका लागि आवश्यक **भेटेरिनरी औषधी खरिद** गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ बमोजिम योग्य इच्छुक आपूर्तिकर्ता/फर्म/कम्पनीहरूबाट यो सूचना प्रकाशित भएको मितिले **७ (सात) दिनभित्र** शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ।

सूचना नं.: BELMUN/SQ/VETMED/०१-२०८३/८४

कामको विवरणः भेटेरिनरी औषधी तथा खोप खरिद तथा आपूर्ति

लागत अनुमानः रु. १६,४३,५०१ (मू.अ.कर समेत)

दरभाउपत्र फाराम प्राप्त गर्ने प्रक्रियाः फर्मको कागजात सहित रु. १,०००।- (एक हजार मात्र) को दस्तुर तिरेको रसिद र निवेदन ।

दरभाउपत्र खरिद गर्ने अन्तिम मितिः २०८३/०७/२४ गते दिनको १२:०० बजेसम्म।

दरभाउपत्र पेश गर्ने अन्तिम मितिः २०८३/०७/२४ गते दिनको १:०० बजेसम्म।

खोल्ने मिति/समयः २०८३/०७/२४ गते दिनको २:०० बजेपछि।

(प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा भई कार्यालय बन्द रहेमा बिदा सकिएपछि कार्यालय खुल्ला भएको दिनको तोकिएकै समयभित्र पेश गर्न सकिनेछ)

स्थानः बेलौरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय कञ्चनपुर ।

दरभाउपत्रसाथ फर्म/कम्पनी दर्ता तथा नवीकरण प्रमाणपत्र, VAT/PAN दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०८२/०८३ को कर चुक्ता प्रमाणपत्र वा म्याद थपको प्रमाणपत्र, औषधी व्यवस्था विभागबाट जारी थोक बिक्रेता इजाजतपत्र, स्वघोषणा तथा प्रतिबद्धता पत्र लगायतका आवश्यक कागजात पेश गर्नुपर्नेछ।

धरौटी रकम (Bid Security): रु. ४५,०००।-

नगरपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैंक, बेलौरी शाखामा रहेको धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा कम्तीमा ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ।

२०८३/६/१९

खेमराज जोशी
प्रमुख प्रशासकीय अधिकृत